# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४८) काठमाडौं, मंसीर २९ गते २०५५ साल (अतिरिक्ताङ्क ५८

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री मार्फत सूचना तथा संचार मन्त्री श्री राधाकृष्ण मैनाली, कानून तथा न्याय मन्त्री श्री सीतानन्दन राय, कृषि मन्त्री श्री त्रिलोचन ढकाल, स्थानीय विकास मन्त्री श्री केशवलाल श्रेष्ठ, आवास तथा भौतिक योजना मन्त्री श्री राजेन्द्रप्रसाद श्रेष्ठ, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री यामलाल कँडेल, उद्योग मन्त्री श्री हेमराज राई, जनसंख्या तथा वातावरण मन्त्री श्री अम्बिका साँवा, श्रम राज्यमन्त्री श्री गोविन्दनाथ उप्रेती, वाणिज्य राज्यमन्त्री श्री जगतबहादुर बोगटी, स्थानीय विकास सहायक मन्त्री श्री देवबहादुर पौडेल क्षेत्री, सुचना तथा संचार सहायक मन्त्री श्री यज्ञराज न्यौपाने र उद्योग सहायक मन्त्री श्री लक्ष्मी नारायण चौधरीले आ-आफ्नो पदबाट चढाउनु भएको राजीनामा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ।

साथै मौसूफबाट रिक्त हुन आएको सूचना तथा संचार, कानून तथा न्याय, कृषि, स्थानीय विकास, आवास तथा भौतिक योजना, पर्यटन तथा नागरिक उड्डयन, उद्योग, जनसंख्या तथा वातावरण, श्रम र वाणिज्य मन्त्रालयहरूको कार्यभार नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले सम्हाल्ने गरी तोकिबक्सेको छ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।